गर्दा कुल स्वीकृत कर्जा रकम बराबर वीमा गर्नुपर्ने,
- कर्जा चुक्ता नभएसम्म प्रत्येक वर्ष बीमा नवीकरण गर्नुपर्ने,
- वीमाको म्याद भुक्तान हुनु १५ दिन अगावै ऋणीले वीमा नवीकरण गरी Policy कोषमा पेस गर्नुपर्ने,
- कोषले नविकरण गरी अध्यावधिक गरेको अवस्थामा बीमा प्रिमियम रकममा कर्जा सरह ब्याज लाग्ने,
- बीमा बापत लाग्ने खर्च सम्बन्धिन ऋणी स्वंयले ब्यहोर्नुपर्नु,
- सरल कर्जाको हकमा घर सहित धितो मुल्यांकन गरेको अवस्थामामात्र घरको वीमा गर्नु पर्ने ।

कर्जा प्रवाहः

- अनलाइन प्रणालीमार्फत सहभागीको बैङ्क खातामा सिधै कर्जा रकम रकमान्तर गरिने,
- जग्गा/घरजग्गा खरिदका लागि तोकिएको प्रक्रिया पूरा गरी सहभागीको बैङ्क खातामा भुक्तानी गरिने,
- घर निर्माण कर्जाको पहिलो किस्ता स्वीकृत रकमको बढीमा ५० प्रतिशत र बाँकी रकम कार्य प्रगतिको आधारमा बढीमा ३ किस्ता सम्म प्रवाह गरिने,
- सरल कर्जा तथा घर जग्गा खरिद कर्जा एकमुष्ट रुपमा प्रवाह गर्न सकिने ।

धितो रोक्का/फुकुवाः

- कर्जाको स्वीकृतिपश्चात् सम्बन्धित मालपोत कार्यालयमा कोषको नाममा धितो रजिष्ट्रेशन रोक्का राख्नु पर्ने,
- कर्जाको सम्पूर्ण रकम चुक्ता भई सकेपछि सहभागीको अनुरोधमा धितो फुकुवा हुने,
- सहभागी तथा जग्गा धनी फरक भएमा जग्गा धनी स्वयं उपस्थित हुनुपर्ने,
- रोक्का/फुकुवाका लागि लाग्ने राजस्व शुल्क सम्बन्धित सहभागीले व्यहोर्नु पर्ने ।

निवेदनसाथ संलग्न हुनुपर्ने कागजातहरूः

- हालसालै खिचेको पासपोर्ट साइजको फोटो । (कर्जा आवेदक र जमानी दिनेको)
- नेपाली नागरिकताको प्रतिलिपि । (निवेदक, जमानी दिनेको नागरिकता आफैले प्रमाणित गरेको हुनुपर्ने)
- सहभागीलाई कोषले प्रदान गरेको परिचय पत्रको प्रतिलिपि ।
- सहभागी कार्यरत कार्यालयबाट प्रमाणित गरिएको सहभागीको हालको सुरू तलब स्केल, नियुक्ति र अवकाश मिति खुलेको पत्र एवं अन्य मासिक आम्दानी खुल्ने कागजात ।
- धितो दिने जग्गाको लालपूर्जा ।
- चालु आर्थिक वर्षको मालपोत/वाली/तिरो तिरेको रसिद ।
- जग्गाको नापी (ट्रेस) नक्सा (नागरिक लगानी कोषको नाममा) ।
- धितोमा राख्ने जग्गाको चार किल्ला र जग्गासँग जोडिएको वाटोको चौडाई उल्लेख भएको वडा कार्यालयको प्रमाणित पत्र ।
- घर/जग्गा नामसारी भई आएको लिखतको प्रतिलिपि (राजिनामा पास, अंशवण्डा र बकसपत्र आदि)
- धितो रहने घरको चालु आ.व.को कर तिरेको रसिदको प्रतिलिपि ।
- सहभागीको आफ्नो धितो नभई एकाघर परिवारका सदस्यको धितोबाट कर्जा प्रदान गरिने भएमा धितो दिने ब्यक्तिको सनाखतसहितको धितो मन्जुरीनामाको लिखत र सहभागी र जमानी दिने ब्यक्ति बीच नाता खुलेको प्रमाणित कागज ।
- घरको बीमा गरिएको कागजात ।
- नयाँ घर निर्माण गर्ने वा तला थप गर्ने भएमा सम्बन्धित नगरपालिकाबाट प्राप्त घर निर्माण इजाजतपत्र र घरको तला थप स्वीकृत नक्सा ।
- घर निर्माण/मर्मत लागत विवरण इन्जिनियरबाट स्वीकृत गराउनु पर्ने ।
- घर खरिद गर्न कर्जा माग भएमा खरिद गरिने घरको स्वीकृत नक्सा, घर निर्माण सम्पन्न प्रमाण पत्र, घर जग्गा कर तिरेको रसिद र जग्गाधनी प्रमाण पुर्जाको साथै घरधनीको बैनाबट्टाको सम्झौता र इच्छापत्र वा करारनामाको प्रतिलिपी, नागरिकता, घरधनी सहितको घरको फोटो ।
- घर,जग्गा वा फ्ल्याट वा आवासीय प्रयोजनको लागी जग्गा खरिद गर्दा उक्त सम्पत्ती बिक्री गर्ने ब्यक्तिका कानूनी हकदारहरूले वडा कार्यालयको रोहवरमा गरिदिएको बिक्री गर्ने मन्जुरीनामा पेस गर्नु पर्नेछ । साथै खरिदकर्ताले उक्त सम्पत्ती आफ्नो नाममा लिखत पारित गर्दा कर्जा रकम भन्दा कम नहुने गरी थैली रकम कायम गर्नु पर्ने छ ।
- सहभागी कर्जाका आवेदकले अनिवार्य रूपमा स्थायी लेखा नम्बर (PAN) उपलब्ध गराउनु पर्ने छ ।
- सवारी कर्जाको हकमा माथि उल्लेखित सि.नं (१) देखि (४) सम्मका कागजातको अतिरिक्त निम्न लिखित कागजातहरू समावेश गर्नु पर्नेछ ।
  - ➢ डिलर वा विक्रेताको कोटेशन ।
  - ➢ सवारी साधनको ब्लुबुक/कर बुक ।
  - ➢ सवारी चालक अनुमतिपत्रको प्रतिलिपि ।
  - ➢ सवारी साधनको बीमा गरेको कागजातहरू ।

धितो लिन नमिल्ने सुरक्षणहरूः

- गुठीमा दर्ता भई रैतानी भई नसकेका जग्गा/घर जग्गा,
- मोहीको हक कायम भएका जग्गा/घर जग्गा,
- बकसपत्र लिएको मितिले २ वर्ष ३५ दिनको अवधि पूरा नभएका जग्गा/घर जग्गा, तर बकसपत्र लिखतमा उल्लिखित रकमको ८० प्रतिशतले हुने रकम वा मुल्यांकनकर्ताले गरेको मुल्यांकन रकम मध्यको कम मूल्य प्रवाह गर्न वाधा नपर्ने,
- अंशबण्डा लिएको मितिले ९० दिनको अवधिभन्दा कम भएका जग्गा/घर जग्गा,
- राजीनामा पासको हकमा ६ महिना ३५ दिनभन्दा कम भएमा, तर राजीनामा लिखतमा उल्लिखित रकमको ८० प्रतिशतले हुने रकम वा मुल्यांकनकर्ताले गरेको मुल्यांकन रकममध्येको कम मूल्य प्रवाह गर्न वाधा नपर्ने,
- सट्टापट्टा गरी आएको हकमा ६ महिना ३५ दिनको अवधि पूरा नभएका जग्गा/घर जग्गा,
- अपुताली परी हककायम भएको हकमा ३ वर्षअवधि पूरा नभएका जग्गा/घर जग्गा,
- नक्सा पास, इजाजत तथा निर्माण सम्पन्न सम्बन्धित निकायबाट स्वीकृत नभएमा,
- अदालत वा अन्य कुनै निकायमा मुद्दा मामिलामा परेको जग्गा/घर जग्गा,
- खोला, खोल्सी, राजकुलो, भिरपाखा, रेलवेलाइन, विमानस्थल, नेपाल विद्युत प्राधिकरणको हाईटेन्सन लाईन आदिसँग जोडिएका वा नजिक रहेका जग्गाहरूको हकमा सम्बन्धित सरकारी निकायले निर्धारण गरेको मापदण्ड भित्र नपरेका जग्गा/घर जग्गा,
- सहभागीले सुरक्षणका लागि पेस गरेका धितोको समग्र पक्षको अध्ययन तथा प्रतिवेदनपश्चात् धितो लिन नमिल्ने देखिएका जग्गा/घर जग्गा ।

कर्जा सम्बन्धी नीतिगत व्यवस्थाहरुमा परिवर्तन भएमा सोही बमोजिम हुनेछ ।

थप जानकारीको लागि देहायका विभाग तथा शाखा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

नागरिक लगानी कोष

केन्द्रीय कार्यालय : नयाँ बानेश्वोर, काठमाडौं, सम्पर्क न. ०१-५९७०२०१
शाखा कार्यालय, पोखरा, सम्पर्क न. ०६१-५४३२३४
शाखा कार्यालय, बिराटनगर, सम्पर्क न. ०२१-४७४९९६
शाखा कार्यालय, बुटवल सम्पर्क न. ०७१-५३४५२१
शाखा कार्यालय, धनगढी सम्पर्क न. ०९१-५९०३२५
शाखा कार्यालय, सुर्खेत, सम्पर्क न. ०८३-५९०४९४

नागरिक लगानी कोषद्वारा प्रदान गरिने सहभागी सापटी तथा कर्जा सम्बन्धी

जानकारी पुस्तिका



नागरिक लगानी कोष

नयाँ वानेश्वर, काठमाण्डौं ।
सम्पर्क न. ०१-५९७०२०१

नागरिक लगानी कोषबाट सहभागीलाई देहाय बमोजिमका शिर्षकहरूमा कर्जा तथा सापटी प्रदान गरिने छ ।

१. विशेष सापटी : (कर्मचारी बचत वृद्धि अवकाश कोष र उपदान तथा लगानीकर्ता हिसाब योजनाका सहभागीहरूलाई)

सिमा : कर्मचारी बचत वृद्धि अवकाश कोषमा सहभागीहरूलाई कोष कट्टी जम्मा रकमको बढीमा ९० प्रतिशतसम्म, नागरिक पेन्सन योजना र उपदान तथा लगानीकर्ता हिसाव योजनामा सहभागीहरूलाई कोष कट्टी जम्मा रकमको बढीमा ८० प्रतिशतसम्म ।

योग्यता :

- क.ब.वृद्धि अवकाश कोषको हकमा कम्तीमा १ वर्षदेखि कोषकट्टी रकम कोषमा जम्मा गरेको हुनुपर्ने,
- उपदान तथा लगानीकर्ता हिसाब योजनाको हकमा कम्तिमा २ वर्षदेखि कोषकट्टी रकम कोषमा जम्मा गरेको हुनुपर्ने,
- नागरिक पेन्सन योजनाको हकमा कम्तीमा ५ वर्षदेखि कोषकट्टी रकम कोषमा जम्मा गरेको हुनुपर्ने
- कोष कट्टी नियमित गरेको हुनुपर्ने,
- कर्जा लिएको ६ महिना पूरा भए पछि पुनः फरक रकम सापटी लिन सकिने (अधिकतम वर्षमा २ पटक),
- साविकमा लिएको कर्जा चुक्ता गरेमा जुनसुकै समयमा पनि पुनः कर्जा लिन सकिने ।

सापटी लिने प्रक्रिया :

- रीतपूर्वक भरेको विशेष सापटी फाराम सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराई कोषमा पेस गर्ने,
- सापटी फारामका साथ कोष परिचय पत्रको सक्कल तथा प्रतिलिपि लगायतका कागजातहरु संलग्न गर्ने,
- सापटी रकम सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने,
- अनलाइनमार्फत पनि सापटी लिन सकिने ।

ईमेल मार्फत सापटी लिने प्रक्रिया: (कर्मचारी बचत वृद्धि अवकाश कोषका सहभागीहरूलाई)

- कोषको वेबसाइट https://nlk.org.np/ भित्र Download भित्र गई कर्मचारी बचत वृद्धि अवकाश कोषको ९० प्रतिशत ऋण कर्जा सम्बन्धी फाराम Download गरी रीतपूर्वक भर्ने र सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गर्ने,
- भरिएको सापटी फारामका साथ कोषको परिचय पत्रको दुवैतर्फ PDF Format मा SCAN गर्ने,
- आफुलाई पायक पर्ने कोषका कार्यालयको इमेल ठेगानामा मेल गर्ने,
- सापटी रकम सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने ।
- कोषका कार्यालयको इमेल ठेगानाहरू :
  - ईमेल ठेगानाहरू : केन्द्रीय कार्यालय - kbb80loan@nlk.org.np
  - शाखा कार्यालय पोखरा - kbb80loan.pokhara@nlk.org.np
  - शाखा कार्यालय विराटनगर - kbb80loan.biratnagar@nlk.org.np
  - शाखा कार्यालय बुटवल - kbb80loan.butwal@nlk.org.np
  - शाखा कार्यालय धनगढी - kbb80loan.attariya@nlk.org.np
  - शाखा कार्यालय सुर्खेत - kbb80loan.surkhet@nlk.org.np

अनलाइन मार्फत सापटी लिने प्रक्रिया: (कर्मचारी बचत वृद्धि अवकाश कोष/ उपदान तथा लगानीकर्ता हिसाब योजनाका सहभागीहरूलाई)

- कोषको वेभ साइट https://eservice.nlk.org.np/ वा कोषको एपमा गई Individual Login गर्ने,
- सापटीसँग सम्बन्धित आवश्यक विवरण प्रविष्टि गर्ने,
- कार्यरत कार्यालयबाट Office Login गरि व्यक्तिले Verify गर्ने,
- अनलाइनमार्फत सापटी लिन आफ्नो कार्यालयको Office KYC तथा आफ्नो Individual KYC विवरण अनिवार्य रुपमा अद्यावधिक गरेको हुनुपर्ने र सापटी फाराम अपलोड गर्नुपर्ने।

ब्याज :

- प्रत्येक आर्थिक बर्षको लागि कोष सञ्चालक समितिले निर्धारण गरेबमोजिम ब्याज लाग्ने,
- आर्थिक बर्षको अन्त्यमा पनि ब्याज रकम कोषमा जम्मा नगरेमा ब्याज पुँजीकरण हुने ।

चुक्ता गर्ने प्रक्रिया:

- कोषले तोकेको बैङ्क खातामा रकम जम्मा गरेर,
- कोषले तोकेको विद्युतीय प्रणाली (Connect IPS, FonePay, Mobile Banking, e-sewa, Khalti) मार्फत रकमान्तर गरेर,
- आंशिक वा एकमुष्ट रुपमा साँवा तथा ब्याज रकम चुक्ता गर्न सकिने ।

२. धितोमा आधारित कर्जाहरु : (कर्मचारी बचत वृद्धि अवकाश कोष, उपदान तथा लगानीकर्ता हिसाब योजना र नागरिक पेन्सन योजनाका सहभागीहरूलाई)

- **आवाश कर्जा**
  - आवास कर्जाको प्रयोजन :
    - नयाँ घर निर्माण,
    - आवासीय घर/जग्गा तथा फ्ल्याट खरिद,
    - आवासीय प्रयोजनको लागि जग्गा खरिद,
    - आवासीय घरको तला थप,
    - प्रिफ्याब्रिकेशन घर निर्माण,
    - घर मर्मत/पुनरसंरचना/पुनर्सबलीकरण(रेट्रोफिटिङ्ग),
    - फ्ल्याट खरिद,
    - घर सजावट तथा इन्टेरियर ।

- **सरल कर्जा :**
  - सरल कर्जाको प्रयोजन : सहभागीको आर्थिक, सामाजिक, साँस्कृतिक र पारिवारिक लगायतका व्यक्तिगत प्रयोजन सम्बन्धी कार्यका लागि सरल कर्जा उपलब्ध गराइने ।

- **सवारी कर्जा :**
  - सवारी कर्जाको प्रयोजन : नियमित रूपमा रकम जम्मा गर्ने सहभागी वा सहभागीका एकाघर परिवारका सदस्यलाई नयाँ निजी सवारी साधन खरिदका लागि यो कर्जा उपलब्ध गराइने ।

कर्जा प्राप्त गर्ने योग्यता:

- कम्तीमा दुई वर्षदेखि कोषकट्टी रकम कोषमा जम्मा गरेको हुनुपर्ने, नागरिक पेन्सन योजनाको हकमा कम्तीमा पाँच वर्षदेखि कोषकट्टी रकम कोषमा जम्मा गरेको हुनुपर्ने,
- कोषकट्टी नियमित गरेको हुनुपर्ने,
- उमेर वा पदावधिको आधारमा अवकाश हुन आवाश कर्जाको लागि न्यूनतम २ वर्ष र सरल कर्जाको लागि न्यूनतम ६ महिना बाँकी रहेको हुनुपर्ने,
- स्वरोजगारको हकमा पेन्सन सुरू हुन कम्तीमा ५ वर्ष अवधि बांकी रहेको ।
- सवारी कर्जाको हकमा सवारी प्रयोग गर्ने व्यक्ति वा निजले चालक नियुक्त गरेको भए चलाउनेको सवारी चालक अनुमति पत्र रहेको हुनुपर्ने ।

कर्जाको अधिकतम सिमा: देहायका रकममध्ये जुन कम हुन्छ, सोही रकम कर्जाको अधिकतम सीमा कायम हुने :

१. **मूल्याङ्कन:** प्रस्तावित धितोको मूल्याङ्कनबाट कायम हुने रकम ।
२. **तलबमान:**
   - हाल कार्यरत तहको सुरू तलबमानको २० बर्ष बराबरको रकम ।
   - सवारी कर्जाको हकमा हाल कार्यरत तहको सुरू तलबमानको ८ बर्ष बराबरको रकम ।

कर्जाको सीमा:

- घर निर्माण वा घर खरिद कर्जा रू. १ करोडसम्म तर पति पत्नी दुवै कोषको सहभागी भएमा १ करोड ५० लाखसम्म ।
- जग्गा खरिद कर्जा अधिकतम रू ७५ लाखसम्म ।
- घर मर्मत/पुनरसंरचना/पुनर्सबलीकरण(रेट्रोफिटिङ्ग), घर सजावट तथा इन्टेरियर अधिकतम रू. २५ लाखसम्म ।
- सरल कर्जा रु. ५० लाखसम्म ।
- सवारी कर्जा रू. ३० लाखसम्म ।
- मूल्याङ्कन रकमले खामेको अवस्थामा एउटै धितोमा फरक फरक शीर्षकको कर्जा स्वीकृत गर्न सकिने । तर सबै कर्जाको कुल रकम रु १ करोडभन्दा बढी नहुने ।

धितो :

- सहभागी स्वयम् वा निजको पति वा पत्नी वा दुवै जनाको संयुक्त नाममा रहेको वा एकाघर भित्रको बालिग व्यक्तिको नाममा रहेको कोषले तोकेको क्षेत्रभित्रको जग्गा/घरजग्गा (पुरूषको हकमा बाबु, आमा, श्रीमती र महिलाको हकमा ससुरा, सासु र श्रीमानको नामको सम्पत्ति),
- धितो रहने जग्गाको चारैतिर पर्खाल लगाउनु पर्ने,
- पुरानो घरजग्गा धितो राख्दा घरको वार्षिक रूपमा २ प्रतिशत ह्रासकट्टी गरी घरको मूल्याङ्कन गरिने,
- सवारी कर्जाको हकमा खरिद गरिएको सवारी ।

बाटोको मापदण्ड:

- कम्तीमा १० फिट बाटो हुनुपर्ने ।

धितो रहने जग्गाको न्यूनतम क्षेत्रफल (मूल्याङ्कनबाट कायम हुने):

- महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाभित्रको हकमा न्यूनतम २.५ आना वा ५ धुर

कर्जा उपयोग गर्नुपर्ने अवधि:

- कर्जा स्वीकृति मितिले ३ महिनाभित्र पहिलो किस्ता उपयोग नगरेमा स्वतः रद्द हुने,
- पहिलो किस्ता लिएको मितिले २ वर्षभित्रमा स्वीकृत कर्जा उपभोग गरी सक्नुपर्ने ।

शुल्क:

- प्रशासनिक सेवा शुल्क-स्वीकृत कर्जा रकमको ०.२५ प्रतिशत वा रू.५००० मध्येको बढी हुन आउने रकम, (कर्जा नविकरण गर्दा कर्जा रकमको ०.१ प्रतिशत वा रू. १००० मध्येको बढी हुन आउने रकम)
- धितो मूल्याङ्कन शुल्क- रू. ६० लाखसम्मको कर्जाको धितोको लागि पाँच हजार रुपैयाँ र थप किस्ता प्रवाह गर्ने प्रयोजनको लागि प्रत्येक पटकको दुई हजार पाँच सय रुपैयामात्र र रू. ६१ लाख देखि १ करोड ५० लाखसम्मको कर्जाको धितोको लागि सात हजार पाँच सय रुपैया र थप किस्ता प्रवाह गर्ने प्रयोजनको लागि प्रत्येक पटकको दुई हजार पाँच सय रुपैयाँ मात्र ।

ब्याज:

- प्रत्येक आर्थिक वर्षका लागि सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुने,
- आर्थिक वर्षको अन्त्यमा पनि ब्याज रकम कोषमा जम्मा नगरेमा पुँजीकरण गरिने ।

चुक्ता गर्ने प्रक्रिया:

- कोषले तोकेको बैङ्क खातामा रकम जम्मा गरेर,
- कोषले तोकेको विद्युतीय प्रणाली (Connect IPS, Fonepay, Mobile Banking) मार्फत् कोष खातामा सिधै रकमान्तर गरेर,
- धितोमा आधारित कर्जाको लागि विशेष कर्जा तथा कोष रकम भुक्तानबाट समायोजन गरेर ।

बीमा:

- निर्माणाधीन घरको हकमा दोश्रो किस्ता माग